"कला, संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८१/०८२
चलानी नं :- ८८९९

मिति २०८१/०४/०७
ने.सं.- ११४४ दिल्लागा १, सोमवार

विषयः सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य नभएको सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै)
टोखा नगरपालिका ।

उपरोक्त सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं.३४ मिति २०८१।०४।०७ को माथि उल्लेखित विषयको पत्र संलग्न रहेको छ । उक्त पत्रबाट नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८१।०३।२७ को निर्णय अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको सूचीकरण तथा नवीकरण गर्ने गराउने व्यवस्था हुनका लागि लेखीआएको हुँदा सोही अनुसार गर्नुहुन अनुरोध छ ।

.............................
(शेर बहादुर बि.सी.)
प्रमुख प्रशासकीय अधिकृत

टेलिफोन : ४२११४६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

# नेपाल सरकार
# गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्या :- २०८१/०८२
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३४

## सामाजिक सुरक्षा शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति २०८१।०४।०७

ने.सं. ११४४ दिल्लागा, सोमबार

**विषय: सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य नभएको।**

टोखा नगरपालिका
कार्यालय
दर्ता नं.
मिति

श्री स्थानीय तह (७५३) सबै।

प्रस्तुत विषयमा यस विभागको च.नं. २८, प.सं. २०८१।०८२, मिति २०८१।०४।०४ को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचीकरण तथा नवीकरण सम्बन्धी पत्र प्राप्त भई व्यहोरा अवगत नै छ।
गृह मन्त्रालयको प.सं. सा.सु.०८१/०८२/२२, च.नं. २८, मिति २०८१।०४।०६ को पत्रबाट नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१।०३।२७ को देहाय अनुसारको निर्णय कार्यान्वयन गर्नु गराउनु भनी लेखी आएको हुनाले सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको सूचीकरण तथा नवीकरण गर्दा तदनुरुप गर्ने गराउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

देहायः

"नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१।०२।२४ मा सामाजिक सुरक्षासम्बन्धी सेवा प्रदान गर्न राष्ट्रिय परिचयपत्र (NID) अनिवार्य गर्ने निर्णय भई २०८१ साल असार १० गतेको नेपाल राजपत्रमा सूचना प्रकाशन भएकोमा देशभर निरन्तर परेको वर्षाका कारण ठाउँ ठाउँमा बाढी, पहिरो र विपद्को अवस्था सिर्जना हुन गई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नेपाली नागरिकहरूलाई राष्ट्रिय परिचयपत्र बनाउन असहज हुन गएकाले उक्त प्रयोजनका लागि हाललाई राष्ट्रिय परिचयपत्र (NID) अनिवार्य नगर्न गृह मन्त्रालयलाई निर्देशन दिने"।

निर्देशक

**बोधार्थ**

श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौं।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।